श्री

# दशरथचन्द नगरपालिका कार्यालय

बैतडी

# बार्षिक नगर विकास योजना आ.व. २०७१/७२

## नीति , कार्यक्रम  र बजेट

# दशरथचन्द नगरपालिकाको गणतन्त्र पछिको सातौ नगरपरिषदमा नगरप्रमुख एवं कार्यकारी अधिकृत श्री बासुदेव आचार्यज्यू द्वारा प्रस्तुत आ.व. ०७१/७२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य

*श्री प्रमुख अतिथीज्यू,*
*विशिष्ठ अतिथीज्यू,*
*अतिथीज्यूहरु,*
*राजनैतिक दलका प्रतिनिधिज्यूहरु,*
*विभिन्न सरकारी कार्यालयका कार्यालय प्रमुखज्यूहरु,*
*नागरिक समाज, गै.स.स. एवं विभिन्न संघ संस्थाका प्रतिनिधिज्यूहरु,*
*पत्रकार वन्धुहरु एवं*
*उपस्थित सम्पूर्ण महानुभावहरु ।*

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माणको पूर्व सन्ध्यामा आजको यस गरिमामय सभामा दशरथचन्द नगरपालिकाको प्रमुख एवं कार्यकारी अधिकृतका हैसियतले दशरथचन्द नगरपालिकाको आ.ब. २०७१।७२ को निती, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा गौरवान्वीत महसूस गरेको छु । आजको यस महत्वपूर्ण घडिमा सर्व प्रथम विभिन्न समयमा शहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

विविध भौगोलिक, सामाजिक, सांस्कृतिक विविधता युक्त नेपालको सुदुर पशिचममा अवस्थित यस दशरथचन्द नगरपालिकाको गणतन्त्र पछिको सातौ नगरपरिषदको पावन अवसरमा हाम्रो निमन्त्रणालाई स्नेहपूर्वक स्वीकार गरी आतिथ्यता ग्रहण गरिदिनु भएकोमा प्रमुख अतिथी लगायत सम्पूर्ण अतिथी एवं सहभागिज्यूहरुमा हार्दिक स्वागत अभिवादन टक्राउँदछु ।

वर्तमान समयमा नेपालमा गणतन्त्रको संस्थागत विकास र नयाँ नेपालको निर्माण गर्न हामी सबै जुटेको कुरा सर्व विदितै छ । यस क्रममा सर्वप्रथम सबै वर्ग, लिंग, समुदाय जातजाती भेषभुषालाई उचित सम्मान र अधिकारको सुनिश्चित हुने किसिमको संविधान निर्माण गरिनु आवश्यक छ । यसका लागि नेपाल सरकारलाई सबै वर्गबाट आवश्यक सहयोग गरिनु जरुरी छ । यस अवस्थामा नेपाली जनता एकातर्फ संविधान निर्माण गर्ने कार्यमा केन्द्रित हुनु परेको छ भने अर्को तर्फ जनताका बदलिदो चाहना साकार पार्न सबैले आ–आफ्नो तह र तप्काबाट सक्रिय भइ काम गर्नु जरुरी भएको छ । यसै सन्दर्भमा नगरवासीलाई थोरै भए पनि सेवा र सुविधा उपलब्ध गराउने र सेवा प्रवाहका कुरालाई ध्यान दिदै गणतन्त्र पछिको यो सातौ नगर परिषदमा नगरपालिकाको आ.ब. ०७१।७२ को बार्षिक बजेट, नीति र कार्यक्रम यहाँ प्रस्तुत गर्न गइरहेको छु । बार्षिक नीति तथा कार्यक्रम तय गर्दा मूलतः अन्तरिम संविधानको मर्म, स्थानीय स्वायत्त शासन ऐन र नियमावली, स्थानीय निकाय श्रोत परिचालन निर्देशिका २०६९ तथा नगरबासीको माग र चाहनालाई आधार मानिएको छ । त्यस्तै राजनीतिक दल, नागरिक समाज, विभिन्न सरकारी एवं गैर सरकारी निकाय र समस्त नगरबासीको सुझावलाइ पनि आधार मानिएको छ ।

स्थानीय निकायहरुमा हाल जनप्रतिनिधी बहाल नभएको अवस्थामा राजनीतिक दलहरुको समन्वयबाट काम काज सञ्चालन गर्ने व्यवस्था भइरहेको व्यहोरा अवगत नै छ । यस अवस्थामा राजनीतिक दलहरुबाट प्राप्त सल्लाह, सुझाव र समन्वयकारी भूमिकाको लागि राजनीतिक दलहरुको उच्च कदर गर्दछु । त्यस्तै नागरिक समाज, बुद्धिजिवी वर्ग, बिभिन्न सरकारी एवं गैर–सरकारी निकायहरु, अन्य सरोकारवालाहरु तथा समस्त नगरवासीको तर्फबाट हामीलाई प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति आभार व्यक्त गर्दछु ।

नगरपालिकामा हालसम्म शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी र अन्य शहरी सुविधा प्रर्याप्त मात्रामा पूर्‍याउन सकिएको छैन । त्यस्तै दलित, महिला एवं पिछडिएको वर्गलाई विकासको मूल धारमा ल्याई सामाजिक न्याय सहितको विकासमा पूर्ण रुपले समाहित गर्न नसकिएता पनि सो का लागि नगरपालिका प्रयासरत रहेको छ । आर्थिक वर्ष ०७१।७२ मा मुलतः सामाजिक न्याय

सहितको विकासमा ध्यान पुर्‍याउदै शैक्षिक पूर्वाधार विकास, यातायात, खानेपानी जस्ता विषयलाई प्राथमिकता दिइने छ । यस परिप्रेक्ष्यमा हामीसँग प्राप्त सिमित साधन र स्रोतको आधारमा तय गरिएका कार्यक्रमले केहि मात्रामा यस्ता बिषयलाई संबोधन गर्न सकेता पनि आगामी दिनहरुमा प्रर्याप्त ध्यान दिनु जरुरी छ ।

सबै कार्यक्रम संचालनको लागि आर्थिक स्रोतको अपरिहार्यता हामी सबैलाई अवगत नै छ । नगरपालिकाको आन्तरिक आय अत्यन्त न्यून रहेको सन्दर्भमा आय बृद्धिको लागि सबैलाई करको दायरामा ल्याउने प्रयास गरिनेछ । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा अन्य निकायबाट प्राप्त हुने अनुदान बृद्धि गर्नको लागि आवश्यक पहल जारि राखिनेछ । त्यस्तै नगरपालिकाको वर्तमान जनशक्तिलाई अझ सक्षम र जुझारु बनाउने प्रयास गरिने छ । जसबाट कार्यक्रमहरु संचालन गर्न सहज हुनेछ । यिनै कुराहरुलाई आत्ममनन् गर्दै सिमित साधन श्रोतबाट वढि भन्दा वढि नगर क्षेत्रको विकासको लागि आर्थिक वर्ष ०७१।७२ को नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गरेको छु । त्यसै गरि यस नगरपालिकाको आन्तरिक आय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त हुने विकास अनुदान, जगेडा कोषबाट प्राप्त हुने रकम तथा अन्य निकायबाट प्राप्त हुने आय सहितको अगामी आ.व. को अनुमानित बजेट कार्यक्रम समेत यसै साथ प्रस्ताव गरेको छु ।

नगरपालिकाको समग्र विकास र प्रस्तुत नीति तथा कार्यक्रम एवं वजेट प्रस्तावको सन्दर्भमा आदरणीय अतिथी एवं सहभागिज्यूहरुले हामीलाई रचनात्मक एवं मार्गदर्शि सुझावहरु उपलब्ध गराइदिनु हुनेछ भन्ने अपेक्षा गरेको छु । प्राप्त सल्लाह, सुझावलाई उपलब्ध साधन र स्रोतको पावन्दी भित्र रहेर प्रस्तुत नीति तथा कार्यक्रममा समावेश गरी सबैको सामुहिक प्रयासबाट कार्यान्वयन हुने कुरामा समेत आशावादी छु । प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्ने सिलसिलामा महत्वपूर्ण सल्लाह एवं सुझाव दिई सहयोग पुर्‍याउने स्थानीय विकास मन्त्रालय, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधीज्यूहरु, नगरवासीहरु, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज, सरकारी एवं गैरसरकारी संस्थाका प्रतिनिधीज्यूहरु, पत्रकार बन्धुहरु, नगरपालिका कर्मचारी साथीहरु र सबै सरोकारवाला पक्षलाई हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अब म आ.व. ०७१/७२ मा यस नगर क्षेत्रको विकासका लागी अवलम्बन गरीने नीतिहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**आ.व.०७१/७२ का नितिहरु :-**

यस नगरपालिकाको आवधिक योजना तथा क्षेत्रगत गुरु योजना आ.व. ०६७६८ मा सुरु भई निर्माणको अन्तिम चरणमा रहेको व्यहोरा अवगत गराउदछु । आवधिक एवं क्षेत्रगत गुरुयोजना निर्माण भई नसकेको अवस्थामा कुन कार्यक्रमलाई कति प्राथमिकता दिने भन्ने यकिन नभएता पनि नगरको भौतिक पूर्वाधारको अवस्था र सामाजिक न्यायलाई विशेष जोड दिइनेछ । त्यस्तै स्थानीय स्वायत्त शासन ऐनका उद्देश्य, नीति र सिद्धान्तहरुले दिएका मार्गदर्शन, नेपाल सरकारले अख्तियार गरेका नीति तथा कार्यक्रम, नगरवासीद्धारा छनौट गरिएका योजनाहरु, विभिन्न राजनैतिक दलका सुझावहरु र उपलब्ध श्रोत साधनको समुचित परिचालन गर्न सक्ने सम्भावनाहरुको आधारमा नगरको समग्र क्षेत्रको सन्तुलित विकासका लागी आ.व. ०७१/७२ का लागि निम्न नीतिहरु अबलम्बन गरिने छन् ।

## क) <u>आर्थीक, सामाजिक एवं भौतिक पूर्वाधार विकास</u>

१) न.पा. क्षेत्र भित्र सरकारी एवं गैर सरकारी निकायहरुले सञ्चालन गर्ने पूर्वाधार विकासका योजनाहरुमा लागत सहभागिता तथा समन्वकारीताको आधारमा आवश्यक सहयोग गरिनेछ ।

२) न.पा. क्षेत्र भित्र सरकारी एवं गैर सरकारी निकायहरुले सञ्चालन गर्ने पूर्वाधार विकासका योजनाहरुका लागी समपुरक कोषको व्यवस्था गरीनेछ । तर बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भई सकेपछि प्रस्तावित योजनामा समपुरक कोष बाट रकम लगानी गर्न नगरपालीका बाध्य हुनेछैन ।

३) नगरपालिका भित्र जोड्ने विभिन्न कृषी सडक एवं घोडेटा बाटाहरुको स्तरोन्नती र विस्तार गरिने छ । कृषी सडक निर्माणको सन्दर्भमा सडकसंग सम्बन्धीत विवाद सुल्झाइ निर्माण कार्य अगाडी बढाइने छ । सडक संजाल नपुगेका क्षेत्रमा कृषी सडक र पि.सि.सि. घोरेटो बाटो निर्माणको लागि अन्य निकायमा समेत पहल गरिने छ ।

(४) न.पा. ले सञ्चालन गरेका बिभिन्न योजनाहरु पुननिर्माण तथा मर्मत सुधार गरिनेछ ।

(५) नगरको खानेपानी समस्यालाई समाधान गर्न सन्चालन हुने बृहत खानेपानी योजनाको सन्दर्भमा अन्य निकायमा समेत आवश्यक पहल गरिनेछ ।

(६) स्थानीय विकास मन्त्रालय, जगेडा कोषबाट लागत सहभागिताको आधारमा गत आ.ब. मा संचालन भएका विभिन्न योजनाहरुको निर्माण कार्य पूरा गरिने छ साथै थप नयाँ योजनाहरु प्रस्ताव गरिने छ ।

७) कृषी उत्पादन बढाउन सिंचाइ सुविधाको उचित व्यवस्था गर्न तर्फ आवश्यक पहल गरिने छ।

८) नगरपालिका क्षेत्र भित्र भुक्षय र नदि कटान नियन्त्रण गर्न आवश्यक पहल गरिने छ ।

९) कृषि क्षेत्रको विकास, घरेलु तथा कुटिर उद्योग स्थापना र विकासको लागि आवश्यक पहल गरिने छ ।

१०) बसपार्क को स्तरोन्नति गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

११) दशरथचन्द संग्रहालयको पुनःनिर्माण एवं व्यवस्थित गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

१२) नगर क्षेत्र भित्रका शैक्षिक संस्थाहरुमा शैक्षिक पूर्वाधार विकासका कार्यक्रम संचालनको लागि उच्च प्राथमिकता दिइनेछ ।

१३) फोहरमैला व्यवस्थापनका लागि डम्पीगं साइड निर्माण गर्न जग्गा पहिचानगरि जग्गा खरिदका लागि पहल गरिनेछ साथै फोहरमैला व्यवस्थापन र ढल निकासका लागि आवश्यक पहल गरिने छ ।

१४) नगर क्षेत्रको बन संरक्षणको लागि आवश्यक पहल गरिने छ । साथै सामुदायिक वनहरुमा जडिवुटि एवं औषधिमूलक वृक्षका बिरुवा वृक्षारोपण गर्न तर्फ आवश्यक पहल गरिनेछ ।

१५) वातावरण संरक्षण लाई आयोजनाको अंग वनाई वातावरणिय क्षति कम हुनेगरी आयोजना संचालन गरिने प्रकृया अगाडि बढाईने छ ।

## ख) प्रबर्द्धनात्मक क्षेत्र

१) नगर क्षेत्र भित्र संचालन हुने साक्षरता कार्यक्रम सफल पुर्‍याउन अनुगमन गरिने छ ।

२) नगरवासीलाई एच.आइ.भि. एड्स, अन्य संक्रमित रोगहरु र विविध स्वास्थ्य शिक्षा सम्वन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न विभिन्न सरकारी एवं गैर सरकारी संस्थाहरुसंग सहकार्य गरि काम गरिनेछ ।

३) खेलकुद विकासका लागि आवश्यक सहयोग गर्न खेलकुद विकास कोष लाई निरन्तरता दिइने छ । साथै खेलकुद क्षेत्रको पूर्वाधार विकासका लागि अन्य निकायहरुसंग आवश्यक पहल गरिनेछ ।

४) नगरको सरसफाई एवं सौन्दर्यताका लागि गैर सरकारी संस्थाहरु संग साझेदारिका लागि पहल गरिने छ ।

५) नगरपालिका क्षेत्र भित्र प्राथमिकताको आधारमा (दलित एवं पिछडिएको वस्तीमा प्राथमिकता दिइने) सार्वजनिक शौचालय एवं स्वास्थ्य तथा सरसफाइका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६) श्रोत र साधनले भ्याए सम्म फोहरको उचित व्यवस्थापन गरिने छ ।

७) नगरपालिका क्षेत्र भित्रका सानातिना खानेपानि समस्यालाई हलगर्न खानेपानी योजनाको संचालन र पुराना योजनाहरुको मर्मत सम्भार गरिने छ ।

८) न.पा. क्षेत्र भित्र रहेका पिछडिएका वस्तीहरुलाई क्रमश खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने गरि सरसफाई कार्यक्रम अगाडि वढाइने छ । खुल्ला दिशा मुक्त घोषणा गरेका वार्डहरुलाई थप अनुदानको व्यवस्था मिलाइने छ । खानेपानिको योजना छनौट भएको वार्ड/टोलमा प्रत्येक घरमा चर्पी वनाउने प्रतिवद्धता जारी गरेमा मात्र योजना छनौट र संचालन गर्ने व्यवस्था मिलाईने छ ।

९) न.पा. क्षेत्र भित्रका समुदाय र वस्तीहरु बाट माग भई आएका घोरेटो बाटो तथा अन्य सानातिना भौतिक पूर्वाधारका योजनाहरुको आवश्यकता पहिचान गरि निर्माण गर्न प्राथमिकता दिइनेछ ।

१०) नगर क्षेत्र भित्रका उप स्वास्थ्य चौकिको प्राथमिकता आधारमा सामान्य मर्मत संभार गर्दै लगिनेछ ।

## ग) लक्षित वर्ग सहयोग कार्यक्रम

१) जेष्ठ नागरिक, वालबालिका, महिला, अपाङ्ग, उत्पिडित, उपेक्षित, जनजाती, दलित, हलिया, सुकुम्बासी र मजदूर, सामाजिक रुपमा बंचितिकरण गरिएको समुदायको हक हितका लागी सरोकारवालाहरुलाई आवश्यक सहयोग र सहकार्य गरीने छ । साथै नेपाल सरकारको निति अनुरुप कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।

२) लक्षित समुदायका लागि कार्यान्वयन गरिने योजनामा माग बमोजिम योजना छनौट गरि लक्षित समुदायलाई नै कार्यान्वयनको जिम्मा दिइने छ । साथै उक्त वर्ग केन्द्रित कार्यक्रमको लागि जनसहभागिताको हिस्सा कम गरिने छ ।

३) सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत दिइने सहयोगलाई प्रभावकारी रुपले वितरण गरिनेछ ।

४) हरेक किसिमका सामाजिक विभेदको अन्त्यका लागि नगरपालिकाको ऐक्यवद्धता रहनेछ । साथै यस्ता कार्यक्रम संचालन गर्ने निकायहरुलाई नगरपालिकाबाट आवश्यक सहयोग गरिने छ ।

## घ) श्रोत परिचालन

१) एकिकृत सम्पति करका सन्दर्भमा सवै सरोकारवालाहरु संग परामर्श एवं अन्तरक्रिया गरी यसलाई व्यवस्थित गर्न तर्फ आवश्यक पहल गरिनेछ ।

२) नगरपालिकामा नगरस्तरिय राजस्व परामर्श समितिले दिएको सुझावको आधारमा करका दरमा थपघट गरी कार्यान्वयन गरिने छ । साथै करका नय‘'ा सम्भावनाको खोजी र पहिचान गरिनेछ ।

३) संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त हुने अनुदानलाई बढाउन पहल गरिने छ साथै स्थानीय निकायहरुमा काम गर्ने ग्ल्मए, न्त्श, नगर विकास कोष, सडक बोर्ड नेपाल जस्ता संस्थाहरु र बैतडी जिल्लामा स्थानीय निकायमा काम गर्ने गैर सरकारी निकायसंग सहकार्यको लागि पहल गरिनेछ

## ङ) सुशासन एवं दिगो विकास

१) योजना संचालन गर्दा दिर्घकालिन, उत्पादनशिल तथा धेरै नगरवासीहरु लाभान्वित हुने खालका स्थानीयस्तर, वडास्तरबाट प्राप्त हुने योजनालाई प्राथमिकता दिइ ल्भभम

द्यबकभ को आधारमा सबै वडाहरुको समानुपातिक विकासलाई समेत ध्यानमा राखी योजना तर्जुमा प्रक्रिया अगाडि बढाईने छ ।

२) आयोजना कार्यान्वयनमा परिणाम गुणस्तर र लागत समेतलाई ध्यानमा राखी समय भित्र सम्पन्न गर्ने नीति लिईने छ ।

३) आयोजना कार्यान्वयन गर्दा आवधिक नगर विकास योजना तथा गरीबि निवारण रणनीति पत्रलाई आधार मानी कार्यक्रमलाई संचालनमा ल्याईने छ ।

४) योजना कार्यान्वयनमा पारदर्शीता ल्याउन सार्वजनिक लेखा परिक्षण गर्ने पद्दतीलाई आवश्यक सुधार गरि कार्यान्वयन गरिने छ । रु. ५ लाख भन्दा कम लागतको योजनाको ल.इ. नेपाली भाषामा गरिने छ ।

५) योजना संचालनको सन्दर्भमा उपभोक्ता समितिलाई आवश्यक तालिमको व्यवस्था गरिने छ । साथै योजनाको उत्तरदायित्व र जिम्मेवारी वहन गराउन जोड दिइने छ ।

६) नगरपालिकाबाट प्रवाह हुने सेवालाई छिटो छरीतो र जनउत्तरदायी बनाउने प्रयास गरिने छ ।

७) स्थानीय विकास मन्त्रालयले लागु गरेको नगरपालिकाको न्यूनतम शर्त र कार्य सम्पादन मापन (ःऋएः) अनुसार पूरा गर्नु पर्ने न्यूनतम शर्त र कार्य सम्पादन पूरा गर्ने तर्फ ध्यान दिदै सो को आधारमा कार्यक्रम तय गरि कार्यान्वयन गरिने छ ।

८) नगर क्षेत्रमा थप टोल विकास समिति गठन गरिने छ । टोल विकास समित गठन भएको ठाउंमा संचालन हुने योजना सोहि समिति मार्फत कार्यान्वयन गराउने व्यवस्था गरिने छ साथै नगर क्षेत्र भित्रका टोल विकास संस्थाहरुको संस्थागत विकास तर्फ ध्यान दिइने छ ।

९) नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने परिपाटिको थालनि गरिने छ ।

१०) आयोजनाहरुलाई पारदर्शि ढंगले कार्यान्वयनमा ल्याउनका लागि रु १ लाख भन्दा माथिका आयोजनाहरुमा होर्डिगंवोर्ड राख्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

११) न.पा. को आय व्यय विवरण मासिक रुपमा सार्वजनिक गरिनेछ ।

१२) आर्थिक सहायता प्रणालीमा आवश्यक सुधार ल्याइने छ ।

## च) <u>मानव संसाधन र संस्थागत सुधार</u>

१) नगरपालिकाको आन्तरिक क्षमता विकास योजना तर्जुमा गरि लागु गरिने छ ।

२) कर्मचारीको वृत्ति विकासको लागि तालिम, स्थलगत अध्ययन भ्रमण जस्ता अवसरहरु उपलब्ध गराइने छ ।

३) कार्यालयको लागि आवश्यक भौतिक पूर्वाधार र मेशिनेरी सामग्रीको व्यवस्थापन गरिने छ ।

४) कार्यक्रम अनुसारका बिभिन्न विनियम, कार्यविधि, निर्देशिका तय गरि लागु गरिने छ । सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित गर्न ऋफउगतभचष्कभम क्यातधबचभ प्रयोग गरिने छ ।

५) नगरपालिकाको आवधिक योजना र क्षेत्रगत गुरुयोजना तयार गर्न आवश्यक पहल गरिने छ ।

६) न.पा. को प्राविधिक दक्षतालाई बृद्धि गर्न आवश्यक पहल गरिने छ।

## छ) विविध

१) कम लगानी, बढी प्रतिफल र छोटो समयमा अधिकतम जनसहभागीता जुटने खालका योजनालाई प्राथमिकता दिइनेछ।

२) नगरपालिकाले सञ्चालन तथा कार्यान्वयन गर्ने हरेक योजनाहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन अनुगमन पद्धतीमा सुधार गरिनेछ ।

३) राम्रो काम गर्ने उपभोक्ता समिती एवं सरोकारवालालाई पुरस्कारको व्यवस्था गरिनेछ।

४) नगरपालिका क्षेत्र भित्र विशेष महत्व राख्ने मौलिक भाषा साहित्य एवं संस्कृतिको संरक्षण गर्दै पर्यटकिय, ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ।

५) प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम तय गरिने छ।

६) नगरपालिका क्षेत्र भित्र रहेका ऐलानी पर्ति जग्गाको संरक्षण गर्दै लगिने छ।

७) कार्यक्रममा दोहोरोपना हुन नदिन नगर क्षेत्र भित्र सरकारी एवं गैर सरकारी संस्थाहरुले संचालन गर्ने कार्यक्रमको जानकारी अनिवार्य रुपमा माग गरि त्यस्ता कार्यक्रम सहकार्य र समन्वयको आधारमा लागु गरिने छ।

८) मानव अधिकार र पत्रकारिता क्षेत्रमा काम गर्ने निकायसंग समन्वय र सहकार्य गरि यस्ता सवालहरुको विकासमा ध्यान दिइने छ।

९) गुणस्तरिय खाद्यान्न उपलब्ध गराउन आवश्यक पहल गरिने छ।

१०) नगर क्षेत्रमा बेरोजगारी समस्या कम गर्न घरेलु तथा कुटिर उद्योगलाई प्राथमिकता दिइ कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ।

११) समाज कल्याण परिषद संग आवद्ध भएका, पान दर्ता भएका तथा संस्थाको बजेट तथा कार्यक्रम नगरपरिषद बाट स्वीकृत गरेका गै.स.स. हरु बाहेकका संस्थाहरु संग साझेदारी, सहकार्य गर्न न.पा. वाध्यहुने छैन।

१२) संघ संस्थाहरुका भवन निर्माण कार्यक्रम छनौट गर्दा भवन निर्माण गरिने जग्गा सम्वन्धित संस्थाका नाममा दर्ता भएको हुन पर्नेछ।

## यस बर्ष लिईएका थप नीतिहरु

१) विगत केहि वर्षहरुमा नगरपालिकाको केही वार्डहरुमा मात्र बजेट र श्रोत संचालन हुने तथा केही वार्डहरुमा नगरपालिकाको उपस्थिति न्यून देखिने अवस्था देखिएकोले यसै बर्ष देखि नगरपालिकाको श्रोत र साधनलाई समानुपातिक तरिकाले विनियोजन गर्ने व्यवस्था मिलाईने छ।

२) उपभोक्ता समिति बाट गरीने कामलाई बढि गुणस्तरीय र पारदर्शी बनाउनका लागि उपभोक्ता समितिले गर्ने कामको जनसहभागिता बाफतको रकम नगदै नगरपालिकाको खातामा जम्मा गरेपछि मात्र योजनाको सम्झौता गर्ने व्यवस्था गरिनेछ । समयमा काम सम्पन्न नगर्ने र कुल बजेटको १० प्रतिशत भन्दा बढि रकम फ्रिज गर्ने उपभोक्ता समितिका अध्यक्षलाई नगरपालिका बाट संचालन गरिने आगामी योजना तथा कार्यक्रमहरुमा सहभागि हुन नपाउने गरि कालो सूचीमा राख्ने व्यवस्था गरिनेछ ।

३) उपभोक्ता समितिले विनियोजित वजेट र ईस्टीमेटको परिधिभित्र रहेर मात्र काम काज गर्ने व्यवस्था मिलाईनेछ । यसै बर्ष देखि विनियोजित बजेट र ईस्टिमेट भन्दा बढि थप काम गरेको भनि थप रकम माग गर्ने प्रचलनलाई निरुत्साहीत गर्दै थप काम गरेको रकम जनसहभागीतामा समावेश गरिने व्यवस्था मिलाईने छ ।

४) यसै बर्ष देखि जुन आ.ब. का लागी बजेट व्यवस्था गरिएको हो सोही आ.ब. मा योजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाईने छ । समयमा काम सम्पन्न नगरि रकम दावि गर्ने उपभोक्ता समिति लाई कार्यालय बाट रकम भुक्तानी गरिने छैन ।

५) विगत समय देखि भुक्तानी दिन वाकी रकम देखाउदै आ.ब. को अन्तमा जिम्मेवारी सार्दै आउने प्रचलन लाई निरुत्साहीत गरि जे जति श्रोत र साधन हुन्छ सोही श्रोत र साधन बाट मात्र योजना संचालन गर्ने व्यवस्था मिलाईने छ । यसै बर्ष देखि भुक्तानी दिन बाकी देखाई जिम्मेवारी सारिने छैन ।

६) योजनाहरुको स्तर तथा ईस्टिमेट अनुसार भए नभएको सम्वन्धमा रु ५ लाख भन्दा माथीको योजनाहरु संयन्त्रको अनुगमन गराएर मात्र अन्तिम किस्ता भुक्तानी गर्ने व्यवस्था मिलाईने छ ।

७) नगर क्षेत्रको खेलकुदको विकास गर्नको लागी यसै वर्ष देखि वार्ड स्तरीय नगर खेलकुद प्रतियोगिताको सुरुवात गर्ने व्यवस्था मिलाईने छ ।

८) आगामी आ.ब. ०७१।७२ देखी जगेडा कोषको योजना नगरपालिकाको दिर्घकालीन आय श्रोत हुने खालका योजना छनौट गर्न र कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

**<u>आदरणीय उपस्थित महानुभावहरु,</u>**

अब म आ.व. ०७०/७१ का लागि कुल रु. ५ **करोड १ लाख ६० हजार ५ सय ५ रुपैयां पैसा अस्सी** मात्रको संसोधित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ रु. **६२ लाख ७१ हजार ७ सय २५** , सामाजिक सुरक्षा कार्यक्रम तर्फ **२० लाख,** र पूंजीगत खर्च तर्फ रु. **४ करोड १८ लाख ८८ हजार ७ सय ८० रुपैया पैसा ८०** मात्र प्रस्तावित गरिएको छ। साथै संसोधित प्रस्तावित बजेटको पूर्ण विवरणको अनुसूचीहरु यसै साथ समावेश गरेको छु ।

**आदरणीय महानुभावहरु**

अब म आ.व. ०७१।७२ का लागि कुल रु ५ करोड १४ लाख ६८ हजार मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ रु.६३ लाख ८९ हजार र सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु.२१ लाख मात्र र पूजीगत खर्च तर्फ रु. ४ करोड २९ लाख ७९ हजार मात्र अनुमानित बजेट प्रस्तावित गरेको छु। प्रस्तावित अनुमानित बजेटको पूर्ण विवरणको अनुसूचीहरु यसै साथ समावेश गरेको छु ।

**अन्तमा,**

यस नगरपालिकाको विकासका लागि हामीले अख्तियार गरेको प्रस्तुत नीति तथा कार्यक्रम र वजेट पारित हुने विश्वास व्यक्त गर्दछु । कार्यान्वयनमा सम्वद्ध सबै पक्षहरुको सक्रिय सहभागिता एवं आवश्यक सल्लाह सुझावको हार्दिक अपेक्षा गर्दछु ।

**✷ धन्यवाद ✷**

## अनुसूची - १

## आय विवरण

| संकेत नं | आय शिर्षक | ०६९।७०को खूद आय | ०७०।७१को अनूमानित आय | ०७०।७१ को संसाधित आय | ०७१।७२को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| १.१.१ | मालपोत वा एकिकृत सम्पत्तीकर | २१५०५४।०० | ४५००००।०० | २५००००।०० | ३,००,०००।०० |
| १.१.३ | बहालकर | ३१०३।८७ | ६०००।०० | ६,०००।०० | ७०००।०० |
| १.१.४ | बहाल विटौरी | ०० | ३५,००।०० | ०।०० | ०।०० |
| १.१.५ | व्यवसाय/साधनकर | ३१०००।०० | ४५,०००।०० | २५,०००।०० | ३०,०००।०० |
| १.१.२.१ | पार्किङ शूल्क | ०।०० | २५०००।०० | ४५,०००।०० | ५०,०००।०० |
| १.२.८ | अन्य सेवा शूल्क | ३९६६२५।०० | ५२५,०००।०० | ५०,०००।०० | ५५,०००।०० |
| १.३.१ | दर्ता/नविकरण | १०९२००।०० | ७५,०००।०० | १०००००।०० | १,१०,०००।०० |
| १.३.२ | नक्सा पास | ९७५६३।०० | २००,०००।०० | १०००००।०० | १,१०,०००।०० |
| १.३.३ | निवेदन तथा सिफारीश | ५७७४८।०० | ६५,०००।०० | ५०,०००।०० | ६०,०००।०० |
| १.३.४ | नाता प्रमाणित | २४७५।०० | ३०००।०० | ३,०००।०० | ४,०००।०० |
| १.३.५ | अन्य दस्तुर | | | १००००।०० | १५०००।०० |
| १.७.२ | भाडा | ५४८३२०।०० | ५०७५२०।०० | ५८४७२५।०० | ६,००,०००।०० |
| १.७.६ | अन्य विविध आय( मौज्दात) | १९४७७९९।६३ | ०।०० | १३०७८०।८० | ०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.७.६ | मालपोतबाटप्राप्तहूने राजस्व | ५२४४९०।०० | ८,००,०००।०० | ५२५०००।०० | ५५००००।०० |
| २.१.१.१ | शसर्त अूनदान स्था.वि.शु चालु | २७२९४००।०० | ३०,००,०००।०० | २०,५९,०००।०० | २१०००००।०० |
| २.१.१.१ | शसर्त अूनदान स्था.वि.शु | २२६५०००।०० | ४२,००,०००।०० | ४५,०२,०००।०० | ४५,०२,०००।०० |
| २.१.१.१ | शसर्त अूनदान(जगेडा कोष) | १०२७८०००।०० | २,००,००,०००।०० | २००००००००।० ० | २,००,००,०००।० ० |
| २.१.१.१ | कृषी सडक | १४०९७९१।०० | २६,००,०००।०० | २५०००००।०० | २५,००,०००।०० |
| २.१.१.२ | निशर्त अनूदान प्रशासन | १४३४०००।०० | १५,००,०००।०० | ।०० | ०।०० |
| २.१.१.२ | निशर्त अनूदान स्था.वि.शु | २५७९०००।०० | २६,००,०००।०० | ५०,४८,०००।०० | ५१,००,०००।०० |
| २.१.१.२ | निशर्त अनूदान नगरपालिका | ७७८९०००।०० | ५५०००००।०० | ८२,६०,०००।०० | ८२,६०,०००।०० |
| २.२.१.१ | जि.वि.स. अनुदान शा.सु.का | १९७४६००।०० | २५,००,०००।०० | २०,००,०००।०० | २१,००,०००।०० |
| २.३.१.१ | नगर विकास कोष | २५१४९१३।७० | ५०,०००००।०० | १०,००,०००।०० | १५,००,०००।०० |
| २.३.१.१ | जि.स्वा.का. | ३१२०००।०० | ३५००००।०० | ३१२०००।०० | ३१५०००।०० |
| २.३.१.१ | सडक बोर्ड नेपाल अनूदान | ७९०३८४।०० | २०,०००००।०० | १८,००,०००।०० | २०,००,०००।०० |
| २.१.१.२ | स्था.स्वा.शा सा. विकास कार्यक्रम पूजीगत | ०।०० | ५०,००,०००।०० | ।०० | ।०० |
| २.३.१.१ | साक्षरता अभियान | ०० | ५५०,०००।०० | | |
| ८.१.२ | लागत सहभागिता | ४०८७४२७।८० | १६,००,०००।०० | ८,००,०००।०० | १२,००,०००।०० |
| | **जम्मा** | ४२०९६८९५।०० | ५९१०५०२०।०० | ५,०१,६०,५०५।८० | ५,१४,६८,०००।०० |

# अनुसूची - २

## <u>व्यय विवरण</u>

| संकेत नं. | खर्च शिर्षक | ०६९।७०को खुद खर्च | ०७०।७१को प्रस्तावित खर्च | ०७०।७१को संसोधित खर्च | ०७१।७२को प्रस्तावित खर्च |
|---|---|---|---|---|---|
| १.०१.१ | तलब कर्मचारी | ३७५८१७७।३२ | ३८,००,०००।०० | ४५,५७,०००।०० | ४६,००,०००।०० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | १८५०००।०० | १,८५,०००।०० | १,७३,०००।०० | १,७५,०००।०० |
| १.०२.१ | भत्ता कर्मचारी | ६९९२१०।९९ | ७,००,०००।०० | ९,९१,७२५।०० | १०,००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.०२.३ | बैठक भत्ता | २१०००।०० | २०,०००।०० | २०,०००।०० | ३०,०००।०० |
| १.०३ | सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता | २,५०,०००।०० | २,५०,०००।०० | ४७,५००।०० | ५०,०००।०० |
| १.०४ | लुगा/पोशाक | ११२०००।०० | १,५८,०००।०० | १४२५००।०० | १४३,०००।०० |
| २.०१ | पानी तथा बिजूली महसूल | २९३०२।३८ | ४०,०००।०० | ४०,०००।०० | ४५,०००।०० |
| २.०२ | संचार महसूल | ५८०००।०० | ६०,०००।०० | ६०,०००।०० | ७०,०००।०० |
| २.०३ | कार्यालय संचालन सम्बन्धी खर्च | १२१६४९।०० | १,५०,०००।०० | १,००,०००।०० | १,२५,०००।०० |
| २.०५ | मर्मत सम्भार | २३०००।०० | २५,०००।०० | २५,०००।०० | ३०,०००।०० |
| २.०६.२ | कर्मचारी ईन्धन | ९०००७।०० | ७०,०००।०० | ०।०० | ०।०० |
| २.०६.३ | अन्य ईन्धन | ९८७५।०० | १०,०००।०० | १०,०००।०० | १२,०००।०० |
| २.०८.१ | सदस्यता शूल्क | २००००।०० | १०,०००।०० | १०,०००।०० | १०,०००।०० |
| २.०८.२ | आर्थिक सहायता | ५०००।०० | ५,०००।०० | ३,०००।०० | ५,०००।०० |
| २.०८.३ | पूरस्कार | ०।०० | ००।०० | २०००।०० | ४,०००।०० |
| २.०८.४ | नगर परिषद संचालन | २९४७०।०० | ३०,०००।०० | ३५,०००।०० | ३५,०००।०० |
| २.०८.५ | विविध खर्च | ६९९९८।०० | ७०,०००।०० | ५५,०००।०० | ५५,०००।०० |
| ३.०४ | दलित बालबालिका अनुदान सा.शु.कार्यक्रम | १९७४६००।०० | २५,००,०००।०० | २१,००,०००।०० | २१,००,०००।०० |
| ४.०७ | नगरको सरसफाइ तथा फोहोरमैला व्य. खर्च | ६८२१६९।०० | १०,५०,०००।०० | ७,००,०००।०० | ८,५०,०००।०० |
| ९.०१ | भैपरी आउने | २५७५६।०० | ६०,०००।०० | ३०,०००।०० | ३५,०००।०० |
| ९.१ | फर्निचर खर्च | ० | १२५०००।०० | ०० | ०० |
| ६.०५ | सार्वजनिक निर्माण खर्च | २८५७१३०६।०० | ४६२३७०२०।०० | ३७९९९७८०।८० | ३८४९४०००।०० |
| | साक्षरता अभियान | ०० | ५,५०,०००।०० | ०० | ०० |
| ६.०५ | नगरविकास कोष अनूदानबाट खर्च | २४११७१७५१ | | १०,००,०००।०० | १५,००,०००।०० |
| ६.०५ | न्र्क्रम्ए चालु खर्च | २७२९४००।०० | ३०,००,०००।०० | २०,५९,०००।०० | २१,००,०००।०० |
| | मालपोत का.टान्सफर | २०४७६।०० | | | |
| | जि.वि.स. फिर्ता | ४६०००।०० | | | |
| | धरौटी खातामा | २३०००।०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | टान्सफर | | | | |
| | जम्मा | ४,१९,६६,११४।२० | ५,९१,०५,०२०।०० | ५,०१,६०,५०५।८० | ५,१४,६८,०००।०० |

<u>**निर्णय नं. १**</u>

**दशरथचन्द नगरपालिका संघीय गणतन्त्र पछि को सातौं नगर परिषद को तयारी का सिलसिलामा बसेको सर्बदलिए बैठक तथा एकिकृत योजना तर्जुमा समितिमा छलफल भइ प्राप्त सल्लाह सुझाब समेटी प्रमुख/कार्यकारी अधिकृत ज्यु द्वारा प्रस्तुत गरिएको बार्षिक नीति , कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।**

<u>**निर्णय नं. २**</u>

आ.व. ०७०/७१ का लागि कुल रु. ५ **करोड १ लाख ६० हजार ५ सय ५ रुपैयां पैसा अस्सी** मात्रको संसोधित बजेट स्वीकत गरिएको छ। जस मध्ये चालु खर्च तर्फ रु. **६२ लाख ७१ हजार ७ सय २५** , सामाजिक सुरक्षा कार्यक्रम तर्फ **२० लाख,** र पूंजीगत खर्च तर्फ रु. **४ करोड १८ लाख ८८ हजार ७ सय ८० रुपैया पैसा ८०** मात्र संलग्न अनुसूची १ र २ स्वीकृत गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.३**</u>

आ.व. ०७१।७२ का लागि कुल रु ५ करोड १४ लाख ६८ हजार मात्रको प्रस्तावित गरेको अनुमानित बजेट स्वीकृत गरिएको छ। जस मध्ये चालु खर्च तर्फ रु.६३ लाख ८९ हजार र सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु.२१ लाख मात्र र पूजीगत खर्च तर्फ रु. ४ करोड २९ लाख ७९ हजार मात्र अनुमानित बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं. ४**</u>

चालू आ. ब. २०७०/७१ को चालुखर्च तर्फको रकम स्थानिय शुल्क वापत रकम रु.५०,४८,०००।०० (अक्षरेपी रु.पचास लाख अठचालिस हजार) आन्तरिक श्रोतबाट प्राप्त हुने रु. १२,२३,७२५।०० गरि जम्मा रकम रु.६२,७१,७२५।०० (अक्षरेपी रु. बासठ्ठी लाख एकहत्तर हजार सात सय पच्चीस मात्र) तपशिल बमोजिम कार्यालय संन्चालन गर्न विनियोजन गरिएको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

<u>**तपशिल**</u>

**आ.ब. २०७०/७१ को चालु खर्च व्यय विवरण**

| बजेट शिर्षक | विवरण | आ.ब. २०७०/७१ को संसोधित बजेट |
|---|---|---|
| १.०१.१ | तलब कर्मचारी | ४५,५७०००।०० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | १,७३,०००।०० |

| | | |
|---|---|---|
| १.०२.१ | भत्ता कर्मचारी | ९,९१,७२५।०० |
| १.०२.३ | बैठक भत्ता | २०,०००।०० |
| १.०३ | दै.भ्र.भत्ता | ४७,५००।०० |
| १.०४ | पोसाक लुगा | १,४२,५००।०० |
| २.०१ | पानी बिजुली महशुल | ४०,०००।०० |
| २.०२ | संचार महशुल | ६०,०००।०० |
| २.०३ | कार्यालय संन्चालन खर्च | १,००,०००।०० |
| २.०५ | मर्मत संम्भार | २५,०००।०० |
| २.०६.३ | अन्य इन्धन खर्च | १०,०००।०० |
| २.०८.१ | सदस्यता शुल्क | १०,०००।०० |
| २.०८.२ | आर्थिक सहायता | ३,०००।०० |
| २.०८.३ | पूरुस्कार | २,०००।०० |
| २.०८.४ | नगरपरिषद संन्चालन | ३५,०००।०० |
| २.०८.५ | विविध | ५५,०००।०० |
| **जम्मा रु** | | **६२,७१,७२५।००** |

**निर्णय नं. ५**

यस दशरथचन्द नगरपालिका बैतडीलाई अर्थमंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३६५८०३ को नगरपालिका अनुदान ८२,६०,०००।०० (बयासीलाख साठी हजार) र संघियमामिला तथा स्थानिय विकास मंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३५६८१७३ को ४५,०२,०००।०० (पैतालिसलाख दुई हजार मात्र) गरि जम्मा रु. १,२७,६२,०००।०० (एक करोड सत्ताइस लाख छब्बिस हजार) को स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ बमोजिम आयोजना व्यवस्थापन सेवा सम्बन्धि खर्च रु. ३,८२,६८०।०० (तीनलाख वयालीस हजार छ सय अस्सी) छुट्याई सोही कार्यविधिको दफा ८ (क) बमोजिम देहायका क्षेत्रमा सम्पूरक कोषकालागी  विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | कर्यक्रम | विनियोजित रकम रु. | अक्षरेपी रु. |
|---|---|---|---|
| क | जगेडा कोष कार्यक्रम संन्चालन | ३४,२४,०००।०० | चौतिस लाख चौबिस हजार मात्र |
| ख | नगरविकास कोष कार्यक्रम संन्चालन | १,००,०००।०० | एक लाख मात्र |
| ग | सडक बोर्ड कार्यक्रम संन्चालन | ४,४२,५००।०० | चार लाख बायालीस हजार पाच सय मात्र |
| घ | स्वास्थ्य कार्यालयको कार्यक्रम | २,५०,०००।०० | दुईलाख पचास हजार मात्र |
| ङ | दैविप्रकोप उद्धारकोष | ५०,०००।०० | पचास हजार मात्र |
| च | मर्मत सुधारकोष | १,००,०००।०० | एक लाख मात्र |
| छ | सरकारी निजी साझेदारी कोष | १,५०,०००।०० | एक लाख पचास हजार मात्र |
| ज | जिल्ला विकास समिति साझेदारी | ५०,०००।०० | पचास हजार मात्र |
| झ | फोहर मैला व्यवस्थापन | ७,००,०००।०० | सात लाख मात्र |

**निर्णय नं. ६**

निर्णय नं. ५ उल्लेखित रकम शिर्षकहरुबाट घटाई बाकी हुन आएको रकम रु. ७०,९२,८२०।०० ( सहत्तरीलाख वयानब्बे हजार आठ सय वीस मात्र) रकमबाट स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा सम्बन्धित कार्यकमको कार्यसंन्चालन निर्देशिकाहरु वमोजिमका विधि तथा प्रकृयाहरु पुरा गरी आएमा आ.ब.

२०६९/७० मा संन्चालन भएका तर भुक्तानी हून बाकी रहेका देहाय वमोजिमका योजनाहरुमा भुक्तानी दिन विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| १ | गडी, शाहिलेक र गोठलापानी खा.पा.उ.स. वा.नं.१ | ७,०४,५५३।८८ |
| २ | बिनाशौ देखि गाजरी खानेपानी ६र७ | ७,०४,५५४।०० |
| ३ | साङडी,अमाईच खानेपानी वडा नं.८ | ५,८२,०००।०० |
| ४ | जगन्नाथ बहुमुखी क्याम्पस वडा नं १ | ३,०५,०००।०० |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय सम्पुरक कोष | २,१४,०००।०० |

**निर्णय नं. ७**

निर्णय नं. ६ उल्लेखित गतबर्षका योजनाहरुमा भुक्तानी गरि बाकी हुन आएको कूल पुजीगत अनुदान रु. ४५,८२,१७०।०० (पैतालिस लाख वयासी हजार एक सय सहत्तरी मात्र) बाट स्थानिय निकाय श्रोत परिचालन तथाकार्याधि २०६९ को दफा ८ (ख) वमोजिम देहाय अनुसार लक्षित समुहका लागी मा देहाय वमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

